नेपालसरकार
शिक्षामन्त्रालय
शिक्षाविभाग
जिल्लाशिक्षाकार्यालय
**रुपन्देही**

## जिल्ला शिक्षा कार्यालय रुपन्देहीको सूचि दर्ता गर्ने बारे सूचना

**प्रथम पटक प्रकाशितः२०७४।४।१७**

यस कार्यालयको आ.व. २०७४/७५ को लागि निम्नानुसारको कार्यहरु गर्न गराउन सार्वजनिक खरिद नियमावली (चौथो संशोधन सहित) २०७३ को नियम १८ मा भएको व्यवस्था बमोजिम सूचि दर्ता गर्नु पर्ने भएकोले सम्बन्धित कार्य गर्न ईजाजत प्राप्त ईच्छुक व्यक्ति , फर्म, कम्पनी वा संस्थाले सोही नियमावलीको नियम १८ को उपनियम १ को अनुसुची २ (क) बमोजिम तोकिएको ढाँचामा नवीकृत ईजाजतपत्र, आयकर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र तथा उक्त कर चुक्ता प्रमाणपत्रहरुको प्रतिलिपि सहित आफूले गर्न चाहेको कारोबारको व्यहोरा उल्लेख गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस कार्यालयको आर्थिक प्रशासन फाँट अथवा स्टोर फाँटमा कार्यालय समय भित्र आई सूचि दर्ता गर्न हुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

१. मसलन्द तथा कार्यालय सामानहरु आपूर्ति ।
२. कम्प्युटर, फोटोकपी, प्रिन्टर, ईन्भर्टर, ब्याट्री, यु.पि.एस. लगागतअन्य आवश्यक ईलेक्ट्रोनिक्स सामानहरु तथा संचार उपकरणका सामानहरु आपूर्ति तथा मर्मत ।
३. छपाई तथा बाईण्डिङ्ग सम्बन्धी कार्यहरु ।
४. फर्निचर तथा फर्निसिङ्ग सम्बन्धी सामान आपूर्ति तथा मर्मत ।
५. गाडी तथा मोटरसाईकलको पाटपूर्जा आपूर्ति तथा मर्मत ।
६. भवन मर्मत तथा संभार ।
७. ईन्टरनेट र वेभसाईट सम्बन्धी कार्यहरु ।
८. सूचना तथा विज्ञापन सम्बन्धी कार्यहरु ।
९. आवश्यक अन्य कामहरु ।

**जिल्ला शिक्षा कार्यालय, रुपन्देही**